परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : ८५ पृष्ठ ४ २०८१ पौष २९ गते, सोमबार 13-January, 2025 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

9854020595
9801620595
कान्तिपुर फ्लेक्स प्रिन्ट
मेनरोड, बर्दिबास, महोत्तरी
हाम्रो सेवाहरू
● फ्लेक्स प्रिन्ट ● होर्डिङ्ग बोर्ड ● 2D बोर्ड ● 3Dबोर्ड
● भिजिटिङ्ग कार्ड ● टि-सर्ट प्रिन्ट ● स्टाम्प ● कप प्रिन्ट
छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

## रवि लामिछानेलाई फेरि हिरासतमा पठाउन अदालतको आदेश



● टक नेपाल

जिल्ला अदालत काठमाडौंले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई हिरासतमा पठाएको छ।

जिल्ला न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले लामिछानेलाई प्रहरीको जिम्मा लगाउन आदेश दिएका हुन्।

लामिछानेलाई सुर्यदर्शन सहकारी पोखराको मुद्दामा जिल्ला अदालत कास्कीले यसअघि ६५ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो।

गत बिहीबार कास्की जिल्ला अदालतका न्यायाधीश नीतिजकुमार राईको इजलासले लामिछानेसहित सातजनालाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो।

लामिछाने आइतबार आफै अदालत हाजिर भएका थिए। उनी उपस्थित भएपछि न्यायाधीश अधिकारीको इजलासमा उनको बयान भएको थियो।

स्वर्णलक्ष्मीबाट गोर्खा मिडिया नेटवर्कमा कानुनविपरीत पाँच करोड ७८ लाख ९८ हजार ४८० रुपैयाँ गएको प्रहरी अनुसन्धानले देखाएको छ।

सरकारी वकिल कार्यालयले रविलाई सो रकम बिगो माग दाबी गरेर मुद्दा दायर गरेको हो।

## जय ट्रफीको उपाधिका लागि आर्मी र पुलिस भिड्ने

● टक नेपाल

जय ट्रफी एलिट कप बहुदिवसीय क्रिकेट प्रतियोगिताको उपाधिका लागि नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबबीच प्रतिस्पर्धा हुने भएको छ।

लिग चरणको अन्तिम खेलमा बागमती प्रदेशलाई ५ विकेटले पराजित गर्दै पुलिसले आर्मीसँगको उपाधि भिडन्त पक्का गरेको हो।

आइतबार जनकपुरमा बागमतीले दिएको ११६ रनको लक्ष्य पुलिसले ५ विकेटको क्षतिमा पूरा गर्‍यो। त्यसअघि दोस्रो इनिङ्समा बागमती २१८ रनमा अलआउट भएपछि पुलिसले ११६ रनको लक्ष्य पाएको थियो।

दोस्रो इनिङ्समा बागमतीका लागि रित गौतमले ५२ रन र शुभ कंसाकारले ७० रनको योगदान दिएका थिए। तर अरु ब्याटर टिक्न नसकेपछि पुलिसले ११६ रनको लक्ष्य



पाउन सफल भयो।

दोस्रो इनिङ्समा बलिङमा पुलिसका लागि ललितनारायण राजवंशीले ३ विकेट लिए भने श्रवण यादवले २ विकेट हात पार्न सफल भए। गुल्सन झा, रशिद खान, कुशल भुर्तेल र प्रेम तामाङले १/१ विकेट लिए।

पहिलो इनिङ्समा बागमती ११२ रनमै अलआउट हुँदा पुलिसले २१५ रन जोडेको थियो। ब्याटिङमा बामगतीका लागि ओपनर इशान पाण्डेले ७१ रन बनाउँदा अरु ब्याटर चल्न सकेनन्। बलिङमा पुलिसका ललितले ४ विकेट लिए भने श्रवण यादवको नाममा ३ विकेट रह्यो। कप्तानको भूमिकामा रहेका कुशल भुर्तेलले २ विकेट लिए। पुलिसका लागि ब्याटिङमा अमृत श्रेष्ठले ७९ रन र अर्जुन साउदले ७७ रन बनाएका थिए।

बलिङमा बागमतीका कप्तान सन्दीप लामिछानले ४ विकेट लिए भने नन्दन यादव र प्रतिश जिसीले २/२ आ-आफ्नो नाममा लेखाए। अब आर्मी र पुलिसबीच उपाधि भिडन्त तीन दिन हुनेछ। वीरगञ्जमा हुने फाइनल मंगलबारदेखि सुरू हुनेछ।

के तपाई विदेश जाने सोचमा हुनुहुन्छ?
यदि हुनुहुन्छ भने, हामी तपाईंको शहर बर्दिबासमा आइसकेका छौं।
Study Abroad
Preparation Classes
▪ IELTS / PTE Classes
▪ Japanese Language Classes
▪ Korean Language Classes
IELTS | Pearson | PTE
Date Booking
Australia | Canada | UK | USA
New Zealand | Japan | Korea
ग्रेस इन्टरनेशनल, बर्दिबास
सम्पर्क:- 9841133811, 9854088026, 9854088028
स्थान :- औरही रोड, शुभ स्वस्तिक हस्पिटल (पुरानो भवन)

0% ब्याजदरमा
आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
मो. ९८१५५६५००, ९८०७८३६३५५

बर्दिबास नगरपालिका
दोश्रो मेयर कप (वडा स्तरीय)
क्रिकेट प्रतियोगिता - २०८१
TIE - SHEET
W.01 vs W.09 2081-10-01(11:30 AM)
W.05 vs W.03 2081-10-02(09:00 AM)
W.13 vs W.4 2081-10-02(12:00 PM)
W.11 By
Semifinal 2081-10-07(12:00 PM)
Final 2081-10-09 (11:30 AM)
Semifinal 2081-10-07(9:00 AM)
W.14 vs W.12 2081-10-03(09:00 AM)
W.02 vs W.06 2081-10-03(12:00 PM)
W.07 vs W.08 2081-10-04(09:00 AM)
बर्दिबास रंगशाला

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

### तरुल मानव शरीरका लागि लाभदायक

जाडोमा शरीरको तापक्रम स्थिर राख्न मानव शरीर लाई न्यानो बनाइराख्नुपर्ने हून्छ । सही खानपान तथा आवश्यक पोषक तत्वहरू प्राप्त भयो भने न्यानोपन महसुस हुने भएकाले जाडोमा शरीर न्यानो राख्न झोलिलो तथा पौष्टिक खानेकुरा बढी सेवन गर्नुपर्ने हुन्छ ।

जाडोमा शरीर न्यानो राख्न कार्बोहाइड्रेट, फ्याट, प्रोटिन, मिनिरल्स सबैको सन्तुलित मात्रामा भोजन गर्नुपर्छ । विभिन्न मसालाजस्तै अदुवा, लसुन, बेसार, मरिच, जुवानोले शरीर तातो राख्न मद्दत गर्छन् । पोषणविज्ञानले चिसो र तातो खाना छुट्याएको छ । कुन खाना खाँदा तातो प्रभाव दिन्छ, सोही खानेकुरा सेवन गर्नुपर्छ । जाडोमा कोदो तथा फापरको रोटी, गहतको दाल, जुवानोको झोल, चमसुरको साग, सौँफको सागलगायत परिकारले शरीर न्यानो राख्न सहयोग गर्ने हुँदा जुन खाने कुरा खाँदा शरीरलाई गर्मी गर्छ त्यस्तो खानेकुरा खानुपर्छ । बच्चाहरूलाई तातो दूध दिन सकिन्छ । बच्चा र बुढाबूढीलाई खीर पनि खान दिन सकिन्छ । यसले पनि शरीरलाई ताप दिन्छ ।

बजारमा पाइने विभिन्न तयारी अवस्थाका सुपका प्याकेटभन्दा घरमा ताजा तरकारीको सुप बनाएर खाँदा शरीरलाई फाइदा पुग्ने पोषणविद् वताउछन् । हरियो तरकारी तथा गेडागुडीको सुपहरू बनाएर खाँदा शरीर तातो राख्छ । बजारमा पाइने तयारी सुपहरू नखानु उपयुक्त हुन्छ । दाल तथा गेडागुडीका सुप पनि शरीरका लागि फाइदाजनक छन् । हरियो सागसब्जी, फलफूल पनि खानुपर्छ ।

माघे सङ्क्रान्तिमा खाइने घिउ, चाकु, तिलको लड्डु, सख्खर, तरुलले जाडोमा न्यानो राख्न सहयोगी भूमिका खेल्न सहयोग गर्छ । चाकुलाई जाडोमा खाने भनेर प्रकृति र मौसमले दिएको खाद्ययवस्तु हो । यसले शरीरलाई ताप दिन्छ । परम्परागत रूपमा पनि यसको महत्व छ । नेवार समुदायमा सुत्केरी महिलालाई तातो गराउन भातमा चाकु र घिउ राखेर खान दिने गरिन्छ ।

तरुलमा क्याल्सियम तथा पोटासियम बढीमात्रामा पाइने हुनाले यसले शरीरलाई लाभ दिन्छ । तरुल कार्बोहाइड्रेटको स्रोत हो । यसले हाम्रो शरीरमा शक्ति प्रदान गर्नुका साथै विभिन्न रोग लाग्नबाट बचाउँछ । चाकुमा आइरन प्रशस्त पाइन्छ, यसमा क्यालोरी पनि हुने भएकाले शरीरलाई सुरक्षा प्रदान गर्छ ।

# पुन: नगदेबालीको पहिचान बनाउँदै उखुखेती

• रासस



उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी पाउँदा सर्लाहीको बागमती नगर पालिका-१, मिलनचोक निवासी रामहरी पाण्डेलाई सुरुमा त पत्याउनै मुस्किल भयो । विगतमा वर्षौंसम्म चिनी उद्योगहरुले भुक्तानी नगर्दा हैरानी खेप्दै आएका उनीजस्ता किसानहरुले यसपटक समयमै भुक्तानी पाएका छन् ।

विगतमा राज्यले समयमा उखुको समर्थन मूल्य नतोक्ने र उद्योगीले वर्षौंसम्म पनि भुक्तानी नदिने समस्याबाट किसानहरू हैरान हुनु परिरहेको थियो । तर, यस वर्ष उखु क्रसिङ पहिला नै समर्थन मूल्य तय भएको र उद्योगीले पनि उखु बेचेको हप्ता दिनभित्रै भुक्तानी दिन थालेपछि किसानलाई उखुखेती फेरि नगदेबाली हो भन्ने लाग्न थालेको पाण्डेले बताए ।

पाण्डेले यस वर्ष चार बिघामा उखु लगाएका छन् । पहिलोपल्ट उनले गत मङ्सिर २७ गते उद्योगमा उखु बेच्नु भएको थियो । इन्दुशङ्कर चिनी उद्योगको मिलगेट क्षेत्रका उखु किसान पाण्डेले हप्ता दिनमै बैंकमा पैसा जम्मा भएको घण्टी बजेपछि खुसीले गद्गद् भए । 'अब बल्ल उखु नगदेबाली हो भन्ने लागेको छ', उनले भने, 'किनकी यो वर्ष उखुको पैसा हाताहाती जस्तै आइरहेको छ।'

सुरुमा उखुखेती गर्दा मूल्य र भुक्तानी के हुने हो भनेर चिन्ताले पाण्डेलाई नसताएको हैन । तर, यस वर्ष उखु बिक्री गरेर समयमै भुक्तानी पाएपछि ऊखुखेतीप्रति आकर्षण बढेको पाण्डेले सुनाए ।

उखुको समर्थन मूल्यमा राज्यले किसानको लगानी र चिनीको मूल्यलाई आधार बनाएर तो क्ने र उद्योगले किसानको भुक्तानी व्यवस्थित गर्ने हो भने किसानहरू उत्साहित भएर उखुखेती गर्न तयार रहेको उनी बताउँछन् ।

हरिवन नगरपालिका-३, का गोपी तिमल्सिनाको पनि अनुभव उस्तै छ । विगतका वर्षमा झैँ अब किसानले गुलियो उखु लगाएर अमिलो अनुभव गर्न नपरोस् भन्ने उनी कामना गर्छन् । हरिवनको इन्दुशङ्कर चिनी उद्योगमा उखु बेचेको पैसा हप्ता दिनमा आफ्नो खातामा आएको उनले बताए । राज्यले समेत अनुदानवापतको रकम किसानको खातामा जम्मा गरिदिनुपर्ने उनको धारणा छ ।

विगतका वर्षमा जस्तो अनुदानको र कममा किसानलाई दुःख पाउनु हुँदैन', उनले भने, 'समयमै भुक्तानी सुरु गर्नुपर्छ, अनि मात्र फेरि उखु नगदेबाली बन्छ । किसान पनि खेती गर्न उत्साहित हुन्छन्।' यस वर्षबाट हप्ता दिनमै किसानको खातामा पैसा जम्मा गर्न थालेपछि किसानहरू उत्साहित बनेका हुन् ।

यस उद्योगले यस वर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको उद्योगका महाप्रबन्धक योगनारायण रजकले जानकारी दिए । किसानहरूसँग एक महिनाभित्र भुक्तानीको सहमत भए पनि उद्योगले एक हप्ताभित्रै भुक्तानी गरिरहेको उनको भनाइ छ ।

महाप्रबन्धक रजकका अनुसार उद्योगले पुस २० गतेसम्म किसानबाट छ लाख १७ हजार दुई सय क्विन्टल उखु खरिद गरी क्रसिङ गरिएकामा यही पुस १७ गतेसम्मको उखुको रु २८ करोड भुक्तानी गरिसकेको छ ।

गत मङ्सिर २७ गतेदेखि सञ्चालनमा आएको उद्योगले यो तेस्रो पटक किसानको खातामा रकम जम्मा गरेको हो । यस उद्योगले उखु उत्पादन बढाउनका लागि उन्नत जातको बीउ, मल, विषादीको प्रयोगको साथै तालिम, गोष्ठी तथा किसानहरूलाई प्राविधिक सेवासमेत अभियानकै रुपमा प्रदान गरिरहेको उद्योगका प्रशासकीय अधिकृत ठाकुर नेपालले बताए । किसान खुसी पारेर उखु तान्न समेत उद्योगहरूले भुक्तानी छिटोछिटो गरिरहेका नेपाल उखु उत्पादक महासङ्घका केन्द्रीय अध्यक्ष कपिलमुनि मैनालीको भनाइ छ ।

जिल्लामा सञ्चालनमा रहेकामध्ये गोडैता नगरपालिकास्थित बगदहमा रहेको महालक्ष्मी चिनी उद्योगले र धन्कौलमा रहेको अन्नपूर्ण चिनी उद्योगले भने विगतका वर्षमासमयमै भुक्तानी नगरेको किसानहरूको भनाइ छ ।

रामनगर गाउँपालिका-४ का नितिन रायले अन्नपूर्ण चिनी उद्योगका पुराना सञ्चालकसँग आफ्नो फसल बेचेको पैसा लिन निकै सङ्घर्ष गर्नुपरेको सुनाए । यस उद्योगका नयाँ व्यवस्थापनले भने यस वर्षबाट उखुको भुक्तानी व्यवस्थित गरेको दाबी गरिरहेका छन् । गत मङ्सिर ६ गतेदेखि क्रसिङ शुरु गरेको यस उद्योगले पुसको पहिलो हप्तासम्मको भुक्तानी किसानको खातामा पठाइसकेको जनाएको छ ।

विगतको वर्षमा उखु दिएको वर्षौंसम्म पैसा नपाएका किसानले यसवर्ष भने उखु बेचेको १५/१५ दिनमा पैसा खातामा जम्मा भएको भन्दै खुसी व्यक्त गरेका छन् । धन्कौल-५ निवासी वीरेन्द्र महतोले उखु बेचेको १४ दिनको दिन पैसा पाएको भन्दै यस वर्ष उखु नगदमै बेचेको प्रतिक्रिया दिए ।

'हामीले सधैँ उधारोमा उखु उद्योगलाई दिँदै आएका थियौँ', उनले भने, 'हामीसँग अरु विकल्प पनि थिएन । तर यस वर्ष पैसा पनि आइरहेको छ।' अब पहिलेको जस्तो उखु बेचेको पैसा माग्न पुस/माघको ठन्डीमा काठमाडौँ जान नपरोस् भन्ने उनको पनि कामना छ ।

पन्ध्र लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको यस उद्योगले पनि हालसम्म चार लाख ५० हजार क्विन्टल उखु क्रसिङ गरिसकेको जनाएको छ । राज्यले तय गरेको समर्थन मूल्य पाँच सय ८५ रुपैयाँ प्रतिक्विन्टलको दरले ११ करोड रकम भुक्तानी गरेको उद्योग सञ्चालक शैलेन्द्र गुप्ताले जानकारी दिए ।

जिल्लामा सबैभन्दा सुरुमा सञ्चालनमा आएको यस उद्योगलाई किसानहरूले विश्वास नगर्दा उखु नपाएर उद्योग पटकपटक बन्द हुँदै सञ्चालन हुँदै गरिरहेको छ । उद्योगको ढोकै नजिकबाट रौतहट र महोत्तरीका उद्योगले उखु लगेपछि अन्नपूर्णले स्थानीय जनप्रतिनिधि समेत गुहार्नुपरेको थियो ।

स्थानीय जनप्रतिनिधिले अन्य उद्योगको उखु सङ्कलन केन्द्र (काटा) राख्न नदिएपछि यस उद्योगले केही राहतको श्वास फेरेको छ । स्थानीय जनप्रतिनिधि र राजनैतिक दलका नेताहरूले उद्योगसँग मिलेर अन्नपूर्ण र महालक्ष्मी चिनी उद्योगमा उखु बेच्न किसानहरूलाई जबरजस्ती बाध्य पारेको किसानहरूको गुनासो छ ।

स्थानीयस्तरमा भएका उद्योगबाट किसानले लाभ लिन सक्ने र यस उद्योग जोगिए स्थानीय रोजगारीदेखि औद्योगिक विकासमा टेवा पुग्ने जनप्रतिनिधिहरूको भनाइ छ । उद्योगले किसानको भुक्तानीमा आनाकानी गरे आफूहरू किसानको पक्षमा रहेको बलरा नगरपालिकाका मेयर रामाशङ्करप्रसाद कुशवाहाले बताए ।

गोडैतामा रहेको महालक्ष्मी चिनी उद्योग पनि किसानलाई नियमित भुक्तानी दिएर किसान फकाउन लागिपरेको छ। विगतमा किसानसँग बिग्रिएको सम्बन्ध समेत सुधार गर्ने योजनासहित यस वर्ष उखुको भुक्तानी प्रत्यक १५ दिनमा किसानहरूको खातामा पठाइरहेको उद्योगले जनाएको छ। यस उद्योगमा उखु बेचेका गोडैता नगरपालिका-५ का उखु किसान रामविनय महतोले उखुको भुक्तानी पाएको बताए ।

हालसम्म दुई सय क्विन्टल उखु बेचेका उनको खातामा आजसम्म एक सय ५० क्विन्टल उखुको पैसा जम्मा भइसकेको छ भने बाँकी रकम पनि एक/दुई दिनमा जम्मामा उनी ढुक्क सक्छन् । 'यसपटक विगत वर्षहरुमा जस्तो उखुको भुक्तानी माग्न पटकपटक उद्योगी र कर्मचारी खोज्दै उद्योग धाउन परेन', उनले भने । 'पहिला उखु दियो पैसा माग्न धाउनुपर्थ्यो', उनले भने, 'यसपटक १५ दिन पहिला नै उखुको पैसा खातामा आइसकेको छ।'

विष्णु गाउँपालिका-७, का सिकिन्दर मण्डलले अघिल्लो वर्ष उखु उधारोमा मिललाई दिएर साहुसँग ऋण गरेर परिवारको पालनपोषण गरेको तीतो यथार्थ पोखे । 'उखु बेचेर पनि समयमै भुक्तानी नपाउँदा ऋणमा डुब्नुपर्ने अवस्था थियो', उनले भने, 'त्यसैकारण मैले धेरै उखु हटाएर अन्य बाली पनि लगाएँ ।

तर, खोला र जङ्गल नजिकका खेतमा जङ्गली जनावर र वर्षाको भलले अन्य बाली पनि राम्रो भएन। अब उखु नै लगाउने निधो गरेँ।'

मङ्सिर १२ गतेदेखि सञ्चालनमा आएको यस उद्योगले पनि यस वर्ष हालसम्म पाँच लाख दुई हजार क्विन्टल बढी उखु क्रसिङ गरेको उद्योगका प्रशासकीय अधिकृत शिवशङ्कर महतोले बताए।

उनका अनुसार यस उद्योगले यसवर्ष २० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य लिएको छ ।

उद्योगले क्रसिङ गरेकोमध्ये २५ दिनको उखुको भुक्तानी गरिसकेको र १५ दिनको बाँकी रहेको उद्योगका प्रशासकीय अधिकृत महतोको भनाइ छ । किसानले ल्याउने उखुमा चिनीको मात्र कम हुँदा उद्योग संकटमा परेको उनको भनाइ छ ।





# ‘पुष्पा’ले ‘फ्ल्यासब्याक’मा ........................

**धन्दा उहिल्यैदेखि**

२०६२ साउन २ गते भन्सार अधिकृत अच्युत शिवाकोटी तातोपानी भन्सारमा हाजिर भएको दुई दिनमात्रै भएको थियो। एक ट्रक ‘रेडवुड’ चीन निकासीका लागि प्रज्ञापनपत्र उनको टेबुलमा आइपुग्यो। वन विभागले दिएको ‘भारतबाट पैठारी भई आएकाले निकासी गर्न कानूनले रोकेको छैन’ भन्ने ब्यहोराको सिफारिस प्रज्ञापनपत्रसाथ संलग्न थियो। अर्कोतिर, नेपाल चेम्बर अफ कमर्सले चाहिँ वस्तु नेपालमै उत्पादित भएको प्रमाणित गर्ने कागजात उत्पत्तिको प्रमाणपत्र जारी गरेको थियो।

मतलब, सरकारी निकायले वस्तु आयातित हो भन्थ्यो, निजी क्षेत्रको संस्थाले स्थानीय उत्पादन भनेर ठोकुवा गर्थ्यो। यो विरोधाभाषको कारणले मात्र होइन कि कारोबार प्रतिबन्धित भएको रक्तचन्दन ‘रेडवुड’को नाममा भारतबाट पैठारी भई चीन निकासी भइरहेको कुरा भन्सार विभागमै रहँदा-बस्दा शिवाकोटीले थाहा पाएका थिए। रक्तचन्दन विश्व वन्यजन्तु तथा वनस्पतिको व्यापार नियमन गर्ने अभिसन्धि (साइटिस-२)को संकटापन्न अनुसूचीमा रहेको पनि उनले थाहा पाएका थिए।

जाँचपास गर्न अस्वीकार गरेपछि अफिसमै हल्लीखल्ली मच्चियो। साइटिसको लोपोन्मुख प्रजातिको वनस्पतिमा पर्ने रक्तचन्दन खरिददार र बिक्रेता देशबीच परिमाण निर्धारण गरी सम्झौता गरेपछि मात्रै कारोबार हुनसक्छ। “रक्तचन्दन कारोबार गर्ने तिब्बती महिलासँग बिहे गरेको भनिने ती व्यवसायी त यो सामान पास गराउन नसके मलाई श्रीमतीले छाड्दिन्छे भन्दै बिलौना गर्न आइपुगेका थिए,” सरकारी सेवाबाट अवकाश पाइसकेका शिवाकोटी सम्झिन्छन्, “त्यसपछि तातोपानी भन्सारबाट रक्तचन्दन जाँचपास हुन छाड्यो।” तातोपानी भन्सारबाट तीन महिनामै शिवाकोटीको सरुवा भएको थियो।

उतिबेला कान्तिपुर सिन्धुपाल्चोक जिल्ला संवाददाता रहेका ऋषिराम पौडेलले त्यसैताका तातोपानी नाकाबाट निकासी हुने रूखका गोलिया प्रतिबन्धित रक्तचन्दन हो भन्ने थाहा पाएका थिए र रिपोर्टिङ पनि गरेका थिए। तिब्बती महिलासँग विवाह गरेका थापा थरका तिनै व्यवसायी रक्तचन्दन तस्करका रूपमा पहिचान भएका थिए। अलिपछि तातोपानीबाट काठमाडौँ आउनेक्रममा बाह्रबिसेनेर ती थापासहित तीनजना खोलामा खसेको र जलेको कारमा मृत फेला परे। “त्यो दुर्घटना थियो कि हत्या भन्ने आज पनि रहस्यमै छ,” पौडेल भन्छन्, “कारमै जलेका नोटका बिटाहरू फेला परेका थिए।”

नेपाल रक्तचन्दनको ट्रान्जिट कहिलेदेखि थियो यकिनसाथ भन्न सकिएन। २०६१/६२ सालतिर मेची भन्सारमा अधिकृत रहेका रामप्रसाद रेग्मीका अनुसार मेची भन्सारको राजस्व संकलनमा रक्तचन्दन पैठारीको योगदान सबैभन्दा बढी थियो, करिब आधाउधी राजस्व रक्तचन्दन पैठारीले दिन्थ्यो। दक्षिण सीमानाकाबाट भित्रिएर काठमाडौँ आइपुग्ने रक्तचन्दन यहाँबाट वन विभागको सिफारिस र चेम्बर अफ कमर्सको उत्पत्तिको प्रमाणपत्र बनाई तातोपानी नाकाबाट निकासी हुन्थ्यो। कारोबारै अवैध भए पनि रक्तचन्दन नेपालको भन्सारमार्फत भित्रिएर भन्सारमार्फतै निकासीको धन्दा पञ्चायतकालदेखिकै थियो कि भन्ने रेग्मीको अनुमान छ।

२०५७/५८ तिर तातोपानी भन्सारमा अधिकृत रहेका निर्मलहरि अधिकारीका अनुसार उतिबेलै रक्तचन्दनको ओसारपसार हुन्थ्यो। शिवाकोटी पनि सुषुप्त रहेको रक्तचन्दनको पैठारी-निकासीले त्यही बेलातिर मन्त्रालय/विभाग हल्लाउन थालेको बताउँछन्। तैपनि ‘भारतबाट भित्रिने, चीन पुग्ने, हामीलाई राजस्व आउने, टाउको किन दुःखाउने’ भन्ने मान्यता सर्वस्वीकृत थियो।

अन्तर्राष्ट्रिय प्रतिबन्ध लागेको वस्तु यसरी ओसारपसार भइरहेको विषयमा पुलिस बेखबरजस्तै थियो। राजमार्गमा ढाट राखेर चेकजाँचका नाममा खुद्रा असुली गर्ने प्रहरीले योचाहिँ प्रतिबन्धित वस्तु हो भनेर ठूलो मुख बाएको सुनिएन। हरेक मालवाहक गाडीबाट लिइने सौ-पचासमै चित्त बुझाइरहेका थिए। नेपाल प्रहरीले पहिलोचोटी २०६३ पुस २ गते मेचीबाट भित्रिएको ६ टन रक्तचन्दन बरामद गरेको थियो।

जनआन्दोलन-२.० को सफलतासँगै शान्ति प्रक्रियामा आएको माओवादीले वाईसीएल गठन गरी असुलीधन्दा शुरू गरेको समय थियो। अन्तर्राष्ट्रिय रूपमै प्रतिबन्धित काठको कारोबार हो भन्ने थाहा पाई तिनले ठूलो मुख बाएर सडकमै अवरोध गर्न थाले। वनमन्त्री मातृका यादव नै यसविरुद्ध सक्रिय भएपछि रातो काठको कारोबारबारे सबै सुसूचित भए।

गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा २०६३ चैत १८ गते वनमन्त्री भएका यादवका अनुसार तलदेखि माथिसम्मै सेटिङ गरी तस्करी भइरहेको सूचनाहरू आए।

फेरि लेनदेन नमिल्दा रक्तचन्दन बरामद हुने पनि भइरहेको थियो। प्रतिबन्धित वस्तु निकासी गर्न वनले नै सिफारिस गर्ने काम पहिले बन्द गराइयो र तस्करी रोक्न फिल्डमै उत्रिइयो। “अनि त ठूल्ठूला रकम अफर गरेर लोभ्याउन थालिहाले नि,” यादव सम्झिन्छन्, ‘प्रतिट्रक १० लाखको दरले लिई बोरामा पैसा कोचेर बस्न प्रस्ताव आएको थियो।” एकजना कारोबारी कलंकीबाट पक्राउ परेपछि रकम आफै भर्नेगरी खाली चेक लिन पनि प्रस्ताव आयो।

दलमा आबद्ध/नआबद्ध लाउके, गुण्डा आदि इत्यादी सबै पैसा असुल्न सडकमा उत्रिन थालेपछि कारोबारीले प्रहरीका साथै गुण्डा समूहहरूको मद्दत लिन थालेका थिए। गुण्डाहरू पनि ‘मै इधर किसीके फट्टेमे टाङ अडाने नही आया, राज करने आया मै, झुकेगा नही’ (पुष्पाको संवाद) कै शैलीमा अस्वस्थ प्रतिस्पर्धामा उत्रिँदा विगतमा सुषुप्त अवस्थामा भइरहेको धन्दा माछाबजार बन्न पुगेको थियो।

सिनेमामा पुष्पाले रक्तचन्दन सिण्डिकेटकै एकजना सदस्यले टनको दुई करोडमा तामिलनाडुका कारोबारीलाई माल आपूर्ति गरिरहे पनि आन्ध्र प्रदेशको सिण्डिकेटलाई चाहिँ ५० लाख रूपैयाँ मात्र दिइरहेको पत्ता लगाउँछन् र आपूर्तिको जिम्मा आफै लिन्छन्। त्यस्तै यता पनि भएको थियो। तातोपानी नाकामार्फत पास गराउन गाह्रो हुँदा रसुवागढी र लामाबगर (दोलखा) नाका प्रयोग भएका थिए।

यादवले ‘जिहाद’ छेडे पनि वाईसीएल मात्रै होइन माओवादीका नेताहरू नै रक्तचन्दनमा मुछिएका थिए। सिन्धुपाल्चोकको कोदारी गाउँमा सशस्त्र प्रहरीले १४ सय किलो बरामद गरेपछि अग्नि सापकोटा पक्षले सो रक्तचन्दन तत्कालीन सांसद राजकुमार श्रेष्ठको भएको आरोप लगायो। भौतिक योजना राज्यमन्त्री रहेकी श्रेष्ठकी श्रीमती देवी खडकाले उजुरी गरेपछि माओवादीले अमिक शेरचनको संयोजकत्वमा छानबिन समिति नै बनाएको थियो। रक्तचन्दन ओसारपसारमा नेताहरूको संलग्नता पुष्टि नभएको रिपोर्ट शेरचन समितिले दिएको थियो। (रक्तचन्दन तस्करीको जालो)

भक्तपुर पुरानो ठिमीका नेत्रबहादुर श्रेष्ठ अपरहण अनुसन्धानका क्रममा रक्तचन्दनको कारोबारमा माओवादीको संलग्नताका साथै रकमलाई लिएर तिनीहरूबीच मच्चिएको विवाद खुलासा भएको थियो। बेलायतबाट आश्विन श्रेष्ठले भाइ नेत्र अपहरणमा परेको जानकारी २०६८ साउन १ गते तत्कालीन अपराध महाशाखा (अहिले उपत्यका अपराध अनुसन्धान कार्यालय)मा गराएपछि प्रहरी सक्रिय भयो। त्यस क्रममा रक्तचन्दन लुकाएर पैसा मागेका कारण अर्को समूहले अपहरण गरेको निष्कर्षमा प्रहरी पुगेको थियो। प्रहरीले अपहरणमा संलग्न कृष्ण श्रेष्ठलाई पक्रेपछि यस्तो खुलासा भएको थियो। अपहरणमा संलग्न समूह र अपहरित दुवै पक्ष माओवादीमा आबद्ध थिए।

कोदारीका चार घरमा लुकाइएको रक्तचन्दन सशस्त्र प्रहरीले बरामद गरेपछि एउटा पक्षले सुराकी गरेको आरोप लगाउँदै अर्को पक्षले बुटवलका दिनेश यादवबाट किनेर चितवनमा लुकाएको चार हजार ८०० किलो रक्तचन्दन गायब गरी ३० लाख रूपैयाँ मागेको थियो। उक्त रक्तचन्दन नवलपरासीको महाराजा सामुदायिक वनमा फालेको अवस्थामा प्रहरीले साउन ५ गते बरामद गरेको थियो। (रक्तचन्दन तस्करीको जालो)

**रक्तचन्दनमा पुलिसदेखि सेनासम्मै**

२०६४ सालकै कुरा, वनले बरामद गरेको एक ट्रक रक्तचन्दन सुरक्षाको कारण सेनाको ब्यारेकमा राखियो, तर बाह्रबिसेको ब्यारेकबाट रातारात रक्तचन्दनको ठाउँमा उत्तिसका गोलिया सट्टापट्टा गरियो। सुनेपछि ‘आगबबुला’ भएका वनमन्त्री यादव घटनास्थलमै पुग्न कस्सिए, पुलिसले सुरक्षा दिन नसक्ने जनायो।

‘जेसुकै होस्’ भन्दै मन्त्री सिन्धुपाल्चोकतिर सोझिएपछि कोटेश्वरबाट पुलिसको एउटा गाडी पछुवा लाग्यो। “सडक अचम्मका दृश्यहरूले भरिएका थिए,” यादव सम्झिन्छन्, “राजमार्गका ठाउँ-ठाउँमा पैसा असुल्न तरबार/खुँडा बोकेका केटाहरू देखिन्थे।” बाह्रबिसेमा पुग्दा ‘मन्त्री-सन्त्री चाहिँदैन, रक्तचन्दन लान पाइँदैन’ भन्दै नाराबाजी भइरहेको थियो।

२०६८ सालकै असार १६ गते रक्तचन्दन हालिएको जिपलाई पाँचखाल चेकपोस्टमा रोकिएपछि स्कर्टिङमा गएका प्रहरी सिद्धी कार्कीले पैसाको प्रलोभन दिएर पास गराउन खोजे। काभ्रेका तत्कालीन प्रहरी प्रमुख सुरेन्द्र मैनालीको आदेशमा नियन्त्रणमा लिइएका कार्कीले दोलालघाट पुर्‍याएर सशस्त्र प्रहरीको स्कर्टिङलाई बुझाउनेगरी आफू खटिएको बयान दिएका थिए। रक्तचन्दन बरामद गर्ने पाँचखाल प्रहरी चौकीका नायब निरीक्षक बच्चुराम फुयाँल, हवल्दार तीर्थविक्रम सिलवाल, जवानद्वय फुर्वा लामा र रमेश महतारलाई पुरस्कृत गरिएको थियो।

२०६८ सालकै वैशाख अन्तिम साता एक ट्रक रक्तचन्दन चीन पुर्‍याउन लाङटाङ राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ सेना संलग्न देखिएपछि सैनिक मुख्यालयले अनुसन्धान गरी अह्रिदमन गणका प्रमुख (प्रमुख सेनानी) रामजी थापालाई बर्खास्त गर्नुका साथै दुई वर्ष कैद सजाय सुनाएको थियो। उक्त रक्तचन्दन ओसारपसारको चाँजोपाँजो मिलाउने भनिएका प्रहरीको रसुवा प्रमुख डीएसपी ओमबहादुर रानालाई प्रहरी प्रधान कार्यालय झिकाए पनि कारबाही गरेन। “एकचोटी रक्तचन्दन लगिरहेको ट्रकलाई सिन्धुपाल्चोकको बोर्डरल्यान्डमा अवरोध गरेपछि पौडेल थरका कारोबारीले पेस्तोलबाट फायरै खोले,” हाल कान्तिपुरको प्रधानकार्यालयमै कार्यरत ऋषिराम सुनाउँछन्, “घटना सुनेपछि चौताराबाट निस्केको प्रहरी टोली घटनास्थलमा पुग्न पनि चाहेन।”

देशभरिका १८ जिल्लामा गरी करिब २०० टन रक्तचन्दन बरामद भए पनि यसको माथिल्लो तह तरको कुरा, ओसारपसार गराउने नाइके (क्यारियर) पनि खासै पक्राउ परेनन्। लागूपदार्थ, हातहतियार लगायत कारोबारजस्तै गरी एउटा बिन्दुमा पुगेपछि सम्पर्क तोडिने शैलीमा यसको कारोबार भएको थियो।

२०६८ साउन १५ गते पाँचखालमा बरामद भएको रक्तचन्दन काठमाडौँको जडीबुटीमा लोड गरी काभ्रेको मंगालस्थित पेट्रोल पम्पमा पुर्‍याएपछि गाडी परिवर्तन गरिएको थियो। गाडी चालकको मोबाइलबाट सिम झिकेर रक्तचन्दन लोड गराउनेले आफ्नो सिम लगाइदिएका थिए। अर्को घटनामा, जगातीमा रक्तचन्दन बरामद गरेपछि पुलिसले रक्तचन्दन लोड गराइदिनेलाई फोन गरी ‘गाडी बिग्रियो, अर्को गाडी पठाइदिनू’ भन्न लगाउँदा लोड गराउनेले ‘यस्ता वाहियात कुरा नगर्नू’ भन्दै मोबाइल अफ गरेका थिए। (रक्तचन्दन तस्करीको जालो)

रक्तचन्दन कारोबारमा खास लगानीकर्ता चिनियाँहरू नै थिए, सुन तस्करीमा भारतीय भएजस्तै। कारोबारीजस्ता देखिने नेपाली व्यवसायी धेरैजसो ओसारपसार गरिदिने ‘क्यारिअर’ मात्रै थिए। ०६८ सालमा किलोकै औसत ९ हजार रूपैयाँ चिनियाँ व्यापारीलाई डेलिभरी भइरहेकोमा २०६८ तिर गुण्डाराज र पुलिसराजबीच आपूर्ति प्रभावित भई किलोकै १३ हजार रूपैयाँसम्म पुगेको थियो।

सबैभन्दा धेरै आन्ध्र प्रदेश, त्यसपछि कर्नाटक, तामिलनाडु र केरलका जंगलमा रक्तचन्दन पाइन्छ। थोरथौरै मध्यप्रदेश, महाराष्ट्र र राजस्थानका जंगलमा पनि उपलब्ध छ। २००८ सेप्टेम्बर २४ को ‘इण्डिया टुडे’मा लखनउ डेटलाइनमा प्रकाशित सुभाष शर्मा बाइलाइनको रिपोर्ट ‘अन द रेडस्यान्डलवुड ट्रेल’का अनुसार आन्ध्रप्रदेश, तामिलनाडु र केरलबाट सडकमार्गबाटै काठमाडौँ पुगिरहेको रक्तचन्दन त्यहाँबाट चीन, जापान र सिंगापुरसम्म ढुवानी भइरहेको छ।

भारतमै दुई हजार किलोमिटरभन्दा लामो सडकमार्गमा वन र सुरक्षा निकायका अनेकन चेकपोष्ट पार गर्दै रक्तचन्दन नेपालमा प्रवेश गराइराखिएको रिपोर्टमा उल्लेख छ। दक्षिणपूर्वी एशियाली देशहरूमा यसको उच्च माग छ, जहाँ धार्मिक कार्यका साथै कस्मेटिक्स उत्पादनमा यसको प्रयोग हुन्छ। “यसअघि समुद्री बाटोबाट जापान र सिंगापुरमा निकासी भइरहेको थियो,” रिपोर्टमा भनिएको छ, “चाइनिजहरूले उच्च मोल अफर गरेपछि सडकमार्गबाट नेपाल हुँदै चीन जान थालेको हो।”

चिनियाँ नवधनाढ्य वर्गमा रक्तचन्दनको बिलासी फर्निचरमा आकर्षण बढेपछि यसको माग र मोल अकासिएको थियो। परम्परागत ‘म्युजिकल’ उपकरण शामिसेन बनाउन रक्तचन्दन नै चाहिने भएकाले जापानमा यसको सदाबहार उच्च माग रहन्छ। साथै, फर्निचरमा पनि प्रयोग हुन्छ।

युनियन अफ कन्जरभेसन अफ नेचर (आईयूसीएन)ले सन् २०१८ देखि लोपोन्मुख वनस्पतिको सूचीबाट हटाएको रक्तचन्दन विसं. २०६० को दशकको अन्त्यतिर काठमाडौँबाट तातोपानी, रसुवागढीतिर लैजान बन्द भएको देखिन्छ। २०६८ चैतमा बझाङको रिठापाटा बारिलबाट प्रहरीले ३५ क्विन्टल रक्तचन्दनसहित ८६ जना भरिया पक्रेको थियो। असोजमै १५० जति भरियामार्फत ५० क्विण्टल रक्तचन्दन तिब्बत पुर्‍याइएको खुलासा भएको थियो।

२०७४ कात्तिक २२ को नेपाल म्यागेजिनमा प्रकाशित वसन्तप्रकाश सिंहको रिपोर्टअनुसार तातोपानी र रसुवागढीमा कडिकडाउ भएपछि यो नाका प्रयोग हुन थालेको हो। असोज २५ गते पश्चिम बंगालको जयगाउँ प्रहरीले एक हजार किलो रक्तचन्दनसहित दुई भुटानी र एक भारतीयलाई पक्राउ गरेको थियो। उनीहरूले भुटान छिराई चीन निकासी गर्ने लक्ष्यका साथ रक्तचन्दन लगिरहेका थिए। (रक्तचन्दन तस्करीमा फेरिएको रुटः चीन पुर्‍याउन भुटान ट्रान्जिट, ई-कान्तिपुर, पर्वत पोर्तेल)

काठमाडौँबाट रक्तचन्दनको गोलिया नै बरामद भएको सुन्न छाडिएपछि पनि कहिले पाउडर त कहिले तेलको रूपमा चीन लैजान लागेको अवस्थामा बरामदीका समाचारहरू आए।

भारतबाट भित्र्याई चीन निकासी गर्न भण्डारण गरिएको ९० लिटर रक्तचन्दनको तेलसहित कीर्तिपुर प्रहरीले खोटाङ खाल्टेका चन्द्र केसी र काभ्रे जैसीथोकका फणिन्द्र भट्टराईलाई पक्राउ गरेको थियो। (सेतोपाटी २०७३ कात्तिक २५)

साइटिसअनुसार बरामद रक्तचन्दन नेपालमा प्रयोग गर्न पाइदैन, उत्पत्तिस्थल (भारत)मै फिर्ता गर्नुपर्छ। भारतले फिर्ता नलगेका कारण बरामदमध्ये अधिकांश रक्तचन्दन यही सडेका/सडिरहेका छन्। २०६४ सालदेखि हालसम्म २ लाख ६० हजार किलो रक्तचन्दन बरामद भएको थियो।

सरकारले गत वैशाख २७ गते रक्तचन्दन फिर्ता गर्ने निर्णय गर्‍यो। भारत पनि आफ्नै खर्चमा लैजान तयार छ भनियो। १८ जिल्लामा एक लाख ७३ हजार किलो रक्तचन्दन छ। २०६५ सालमै त्यतिबेलासम्म बरामद ५४ हजार किलो फिर्ता गर्ने निर्णय भए पनि करिब ३७ हजार किलो मात्र भारतले लगेको थियो।

२०७१ फागुन १२ को मन्त्रिपरिषदले २७ हजार किलो फिर्ता गर्ने निर्णय गरेको थियो। २०७६ पुस र २०८० साउनमा पनि रक्तचन्दन फिर्ता गर्ने निर्णय त भयो, भारतले लगेन। (भारतले लाने भयो रक्तचन्दन, २०८१ असार ७ गोरखापत्र, वीरेन्द्र ओली)

रक्तचन्दन तस्करीको दशकमा सिन्धुपाल्चोकका साथै काभ्रे र दोलखाका केही व्यवसायीहरूले खुब पैसा छापे। ऋषिरामका अनुसार अन्ततोगत्वा लगानीकर्ताभन्दा पनि ओसारपसारको ठेक्का लिने र गौँडा कुरेर पैसा असुल्ने गुण्डाहरू लाभान्वित सुनिए। किनकि लगानीकर्ताले पैसा छापे पनि रक्तचन्दन बरामद भएको एकै झट्काले स्वाहा भयो। उतिबेलै सीमापारि खासा बजारमा भण्डार गरिएको रक्तचन्दन चिनियाँ प्रहरीले बरामद गर्दिदा नेपाली व्यवसायीहरूले १० करोड रूपैयाँभन्दा बढी गुमाएका थिए।

गुण्डा नाइके भनेर चिनिने काभ्रेका एकजनाले रक्तचन्दन ओसारपसार गरिदिएर अकूत छापे नै, कांग्रेसको केन्द्रीय समितिमा स्थान बनाए। त्यतिबेला उनका ‘मुन्सी’चाहिँ सर्लाहीमा कांग्रेसबाट मेयर निर्वाचित भए।

काभ्रेमा आफ्नै पाँचवटा ट्रक भएका एकजना पत्रकारले गुण्डा परिचालन गरी रक्तचन्दन ओसारपसार गर्दिएरै ‘अर्बपति क्लब’मा पुगे।

दोलखाका एकजना काठ व्यवसायीले रक्तचन्दनबाटै उडान भरे, एमालेमा स्थान पनि बनाए।

रक्तचन्दन कारोबार ‘क्लाइमेक्स’मा रहेका बेला सिन्धुपाल्चोक प्रहरी प्रमुख (डीएसपी) रहेका थापा थरका प्रहरी अधिकृतले लामो बसाइमा यसरी मुद्रा छापे कि, त्यसपछि पछाडि फर्किन परेन। प्रहरी महानिरीक्षक नै बन्न विफल भए पनि अतिरिक्त महानिरीक्षकबाट अवकाश पाए।

# महोत्तरीमा भएका आपराधिक गतिविधिमा साना हतियारको प्रयोग बढ्दो



● टक नेपाल

महोत्तरीमा पछिल्लो समय आपराधिक गतिविधिमा साना हतियार (पेस्तोल) को प्रयोग बढी भएको पाइएको छ।

विगत तीन आर्थिक वर्षमा महोत्तरीमा घटेका विभिन्न आपराधिक घटनामा ११ थान साना र पाँच थान मात्र ठूला हतियारको प्रयोग भएको जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कले देखाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारका अनुसार चालु आव २०८१/८२ को ६ महिनामा मात्र जिल्लामा भएका विभिन्न आपराधिक घटनामा सात साना हतियार बरामद गरिएका छन् भने त्यसमा लाग्ने १९ राउण्ड गोली पनि बरामद गरिएको छ।

यसैगरी, जिल्ला प्रहरी कार्यालयले ती साना हतियारसहित पाँच जनालाई पक्राउ गरी उनीहरूविरुद्ध हातहतियार तथा खरखजना मुद्दा चलाएको छ। जिल्ला प्रहरी कार्यालयले आव २०८०/८१ मा तीन थान साना हतियार र एक थान भरुवा बन्दुक बरामद गर्नुका साथै नौ राउण्ड गोली बरामद गरेको छ।

आव २०८०/८१ मा प्रहरीले आठ जनालाई हतियारसहित पक्राउ गरेको थियो।

चार जनामाथि हातहतियार तथा खरखजना मुद्दा चलाएको छ।

त्यसरी नै जिल्ला प्रहरी कार्यालयले आव २०७९/८० मा पनि एक थान पेस्तोल र चार थान भरुवा बन्दुक बरामद गर्नुका साथै ३७ राउण्ड गोली बरामद गरेको थियो।

पाँच जनालाई हातहतियारसहित पक्राउ गरिएकामा तीन जनामाथि हातहतियार तथा खरखजाना मुद्दा चलाएको प्रवक्ता जैसवारले बताए।

उनले साना हतियार बोक्न तथा लुकाउन सजिलो हुने भएकाले पछिल्ला दिनमा भइरहेको आपराधिक गतिविधिमा अपराधीले साना हतियार को प्रयोग बढी गर्ने गरेको पाइएको बताए।

# 'पुष्पा'ले 'फ्ल्यासब्याक'मा पुऱ्याएको रक्तचन्दन तस्करी

● टक नेपाल

रक्तचन्दन तस्कर वरिपरि घुम्ने 'पुष्पा-२'को कमाइले भारतमा कीर्तिमानउपर कीर्तिमान कायम गरिरहेको छ। दुई वर्षअघि रिलिज भएको 'पुष्पा'मा रक्तचन्दन तस्करका लागि रूख काट्दिने दिहाडी मजदुरबाट तस्कर हरूको 'सिन्डिकेट' सदस्यसम्म बनेका पुष्पा (अल्लु अर्जुन) यसको 'सिक्वेल'मा रक्तचन्दन तस्करीबाट आर्जित छेलोखेलो पैसा बगाएर सरकारै परिवर्तन गर्न सफल हुन्छन्। सत्ता परिवर्तन पनि किन त भन्दा, तस्करीको पैसा चल्ने मुख्यमन्त्रीलाई तस्करसँग फोटोचाहिँ नचल्ने भएपछि।

मुख्यमन्त्रीलाई भेट्न निस्किँदा पुष्पाकी श्रीमती (रश्मिका मण्दाना)ले घरमा सजाउन मुख्यमन्त्रीसँग उभिएको फोटो खिचेर ल्याउन भन्छिन्। मुख्यमन्त्रीले फोटो खिच्न ठाडै इन्कार गर्छन्। मुख्यमन्त्रीसँग उभिएको फोटो घरमा सजाउने श्रीमतीको धोको पूरा गर्न पुष्पा आफू निकटका विधायकलाई मुख्यमन्त्री बनाउन पैसाको खोलो बगाइदिन्छन् र सफल पनि हुन्छन्। अनि श्रीमतीको इच्छा पूरा गर्छन्।

२०६० सालको दशकमा रक्तचन्दन तस्करीको 'ट्रान्जिट' बनेको नेपालमार्फत यो धन्दा जारी रहिरहेको भए रक्तचन्दन तस्करले आफू अनुकूल सत्ता फेरबदल गरेको सम्भवतः वास्तविकतामै देख्न पाइने थियो। २०५१-२०५६ सालबीच सरकार फेरबदलका लागि




सांसद किनबेचमा त्यसबखत सुन तस्कर समूहले पनि लगानी गरेकै हुन्।

२०६७ भदौमा माओवादी नेता कृष्णबहादुर महराले हङकङ बस्ने एक चिनियाँ व्यापारीसँग माओवादी नेतृत्वमा सरकार बनाउने प्रयोजनार्थ सांसद किन्न ५० करोड मागेको अडियो टेप बाहिरिएको थियो। ती व्यापारी रक्तचन्दन तस्करीकै नाइके थिए भन्ने अडकलबाजी गरिएको थियो।

तत्कालीन गृहसचिव लीलामणि पौडेलको सरुवा (२०६८ साल) मन्त्रिपरिषद् सचिवालयमा भयो। रक्तचन्दन तस्करी नियन्त्रण गर्न खोजेकै कारण तस्करहरूको प्रभावमा उनको सरुवा भएको चर्चा चलेको थियो।

"मेरो सरुवा किन गरियो भन्ने मलाई थाहा छैन," उति बेलै पौडेलले भनेका थिए, "रक्तचन्दनमा छुट दिइयो भने यसका कारोबारीले सरकार ढाल्ने हैसियत बनाउँछन् भन्नेचाहिँ मलाई थाहा छ।" (रक्तचन्दन तस्करीको जालो, कान्तिपुर, २०६८ असोज ६, सुजित महत, प्रतिमा बास्कोटा, मनोज बस्नेत)

गृहसचिव बनेलगत्तैदेखि रक्तचन्दन तस्करीमा आँखा चिम्लिदिन दबाब र अनुरोधको सामना उनले गर्नुपरेको थियो।

"चिनेजानेकै नेताहरू आएर भारतबाट आउने चीन पुग्ने वस्तुको ओसारपसार गृह प्रशासनको टाउको दुःखाइको विषय होइन भनेर तर्क गर्थे," पौडेल भन्छन्, "कसैले पैसाको प्रलोभन दिने आँटचाहिँ गरेनन्।" (उही)

»» बाँकी पृष्ठ ३ मा

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
शाखा कार्यालय बर्दिवास, महोत्तरी
फोन नं. ०४४-५५०१४६

NATHM centre of excellence Bardibas

## तालिम सञ्चालन सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।०९।२६

उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालय मधेश प्रदेश सरकारको पूर्ण लागतमा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान शाखा कार्यालय, महोत्तरी बर्दिबासको सहकार्यमा आ.व. २०८१/८२ मा तपशिल अनुसारको सिप विकास सम्बन्धी तालिमहरु संचालन हुन गईरहेकोले तालिममा सहभागी हुन चाहने मधेश प्रदेशमा स्थायी बसोबास भएको योग्य नेपाली नागरिकबाट दरखास्त आवह्रान गरिन्छ ।

| क.स | तालिम | न्यूनतम योग्यता | संख्या | तालिम अवधी | तालिम शुल्क | फाराम भर्ने अन्तिम मिति | सम्पर्क मिति | छनोट प्रकृया | तालिम शुरू हुने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | Barista | SEE वा सो सरह उत्तिर्ण | २५ | १ महिना | निःशुल्क | २०८१/१०/११ | २०८१/१०/१४ | योग्यता र अन्तरवार्ता | छनोट प्रकृया सम्पन्न भए लगतै सञ्चालन गरिनेछ |
| २. | Bakery | SEE वा सो सरह उत्तिर्ण | २५ | १ महिना | | | | | |
| ३. | Local Guide | SEE वा सो सरह उत्तिर्ण | ४० | ७ दिन | | | | | |

नोट :
१. दरखास्त फाराम निवेदनको साथमा २ प्रति हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि प्रतिष्ठानको शाखा कार्यालयमा बुझाउनु पर्ने छ ।
२. अन्तरवार्ता सम्बन्धी सूचना यस प्रतिष्ठानको सूचना पाटी र सामाजिक सञ्जालमा प्रकाशन गरिने छ ।
३. निवेदकहरुले आफ्नो सम्पर्क मोबाईल नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ।
४. तालिम अवधी भरी खाना तथा आवासको व्यवस्था प्रशिक्षार्थी स्वंयम आफै गर्नुपर्ने छ।

सुचना ! सुचना !! सुचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१/०९/०७ को निर्णय अनुसार यस संस्थाको २२ औँ साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्यलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ। यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियोमार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पुर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थीतीको लागी अनुरोध गरिन्छ।

**तपशील**
मितिः २०८१/१०/०३ बिहिवार
समय : ११ बजे देखी
स्थानः **IRDS**, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**
**अध्यक्ष**
**समाज वचत तथा ऋण सहकारी संस्था**
**बर्दिबास-०१, महोत्तरी**
**सम्पर्क नं:.९८१९८१४४३६,९८४४०५२६३८**

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, प्रधान सम्पादकः निकेश खनाल, सल्लाहकार सम्पादक :माधव पौडेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com